म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१० मंगलबार, २७ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 11 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सडक खन्ने क्रममा पहिरोले स्काभेटर पुरियो

हेटौंडा, २६ फागुन/मकवानपुरमा सडक खन्ने क्रममा पहिरोले स्काभेटर पुरिएको छ । भीमफेदी गाउँपालिका वडा नम्बर ९ च्यानपाखास्थित सडक खन्ने क्रममा माथीबाट ठुलो ढुंगा सहितको पहिरो खस्दा स्काभेटर दुर्घटनामा परेको हो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा निर्माण हुन लागेको त्रिभुवन राजपथको गोलमोडदेखि फापरबारी जाने भित्रि सडकखण्डको नयाँ सडक खन्ने क्रममा माथीबाट ठुलो ढुंगा सहितको पहिरो खसेर स्काभेटरको केही भाग पुरिएको हो । पहिरोले प्र ३-०१-००३ क ६८०९ नम्बरको स्काभेटर आधा भाग पहिरोमा पुरिएरर क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए । स्काभेटर घटनास्थलमै पुरिएको अवस्थामा रहेको, निकाल्ने कार्य भइरहेको प्रहरीले जनाएको छ । मानवीय क्षति भने नभएको प्रवक्ता अर्यालले बताए ।

## आन्तरिक आय बढाउन बागमती सरकारले कार्यदल गठन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ बागमती प्रदेश सरकारले राजश्व संकलनको क्षेत्र निर्धारण गर्न र आन्तरिक आय बढाउन कार्यदल गठन गर्ने भएको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यावहारिक तथा वैज्ञानिक बनाउने गरी नेपाल सरकारका पूर्वसहसचिव किशोर जंग कार्कीको संयोजकमा ५ सदस्यीय कार्यदल बनाएर काम गर्ने भएको हो । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने गरी कार्यदल बनाएर अध्ययन थाल्ने मन्त्रालयले जनाएको छ ।




प्रदेशको नीति तथा योजना आयोगको पहलमा कन्सल्ट्यान्ट मार्फत कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्था विश्लेषण गर्ने तयारी भइरहेको आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले जानकारी दिएका छन् । कार्यदलको अन्य सदस्यमा नेपाल सरकारकै पूर्वसहसचिव लेखनाथ पंगेनी, अर्थविज्ञ डा. संजीव हुमागाई, बैंकर गंगा सापकोटा र रिसर्चर प्रेम दवाडी रहेका छन् । यो कार्यदलले आगामी वैशाख १५ भित्रमा अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नुपर्ने छ ।

कार्यदलको रिपोर्टलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने तयारी रहेको उपाध्यक्ष नेपालले बताए । प्रतिवेदन अनुसार आगामी आर्थिक वर्षको बजेट कार्यक्रम र राजस्वका दर तथा दायरा निर्धारण हुने उनको भनाइ छ ।

प्रदेश सरकारलाई स्रोतको अनुकूल प्रयोग, करनीति सुधार र आर्थिक प्रणालीलाई मजबुत बनाउन मद्दत पुग्ने गरी कार्यदलले अध्ययन प्रतिवेदन तयार गर्ने मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले जानकारी दिए । कार्यदलले अध्ययनमा सम्भावित करसंरचना सुधार, व्यापारिक गतिविधिको प्रोत्साहन र आर्थिक स्रोतको उत्तम व्यवस्थापनका उपाय समेटिने उनको भनाइ छ ।

प्रदेशको आन्तरिक राजस्व बढाउन, असंगठित क्षेत्रलाई औपचारिक बनाउने र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्नका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने सचिव मैनालीले बताए । प्रदेशका आर्थिक र राजस्वका स्रोतको गहिरो मूल्यांकन, राज्यका उत्पादन र सेवाको वृद्धिमा जोडदिने उपाय अन्वेषण गर्ने गरी कार्यदलले काम थाल्ने उनको भनाइ छ ।

संघीय सरकारले निर्धारित गर्ने करनीति र आर्थिक निर्णयबाट प्रभावित प्रदेशको आर्थिक योजना, प्राविधिक कार्यहरु व्यवस्थित गर्न कार्यदलको प्रतिवेदन महत्वपूर्ण हुने सचिव मैनालीले प्रस्ट पारे । कार्यदलले प्रदेशको राजस्व सुधारको योजनासहित खर्च व्यवस्थापनको विषयमा समेत अध्ययन गर्ने उनले बताए । प्रदेशको आयस्रोत धेरै नहुँदा बजेटका लागि संघीय सरकारमै निर्भर हुनु परेकाले बजेटमाथिको अस्वाभाविक भार कम गर्न संरचनागत सुधारका लागि सुझाव पेस गर्नेगरी कार्यदलले काम गर्ने सचिव मैनालीले बताए ।

'कार्यदलले सरकारको खर्च व्यवस्थापन, संरचनागत सुधार, नीति तथा कानुनलाई अनुकूल बनाउने बारेमा अध्ययन गर्नेछ' उनले भने, 'चालु र प्रशासनिक खर्च बढिरहेको छ । संघमा आश्रित बजेट भएकाले त्यसको सदुपयोग गर्ने विषय महत्वपूर्ण र हन्छ ।' आन्तरिक आयस्रोत व्यवस्थापन, छुट तथा सुविधाका विषय निर्धारण, छुटेका र महत्वपूर्ण विषय समेट्ने विषयमा कार्यदलले अध्ययन गर्ने जनाइएको छ ।

प्रदेशको आर्थिक विकासको सम्भावनाको खोजी तथा उपयुक्त बजेट कार्यक्रम तर्जुमा र टुक्रे योजनाको व्यवस्थापन बारेमा कार्यदलले सुझाव दिने सचिव मैनालीले बताए । चालु आर्थिक वर्षमा ६४ अर्बको बजेट विनियोजन गरेर कार्यान्वयन गरिरहेको प्रदेश सरकारको ६ महिनामा राजस्व संकलन दर न्यून रहेकाले यो विषयको सुधारमा दस्तावेज महत्वपूर्ण हुने सचिव मैनालीको विश्वास छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा कुल बजेटको १६ प्रतिशत खर्च र लक्ष्यको २७ प्रतिशत मात्र राजस्व संकलन गरेको छ ।

## तरुण दलको महाधिवेशन निर्धारित समयमै हुन्छः अध्यक्ष गुरुङ



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ नेपाल तरुण दलका केन्द्रीय अध्यक्ष विद्वान गुरुङले संगठनको महाधिवेशनमा अब कुनै ढिलाइ नहुने बताएका छन् ।

उनले तरुण दलको निर्वाचन निर्धारित समयमै हुने भन्दै ढुक्क हुन आग्रह गरे । सोमबार हेटौंडामा भएको तरुण दलको प्रारम्भिक र पूर्णकालीन सदस्यता वितरण कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले तरुण दलको पाँचौं महाधिवेशन आगामी चैत मसान्तभित्रै गरिसक्ने स्पष्ट पारे । 'अब तरुण दलको महाधिवेशन निर्धारित समयमै हुन्छ । पार्टीले दिएको समयसीमा आगामी चैत मसान्त हो । समयभित्रै महाधिवेशन गर्ने गरी हामी लागिरहेका छौं,' उनले भने, 'जिल्लाका साथीहरुले पनि सोहीअनुसार तयारी थाल्नुस् ।'

अध्यक्ष गुरुङले अब पनि महाधिवेशन हुन्न कि ? भन्ने दुविधामा नरहन आग्रह गरे । उनले मातृ पार्टी कांग्रेसलाई गतिशील र जनताको पार्टी बनाउन तरुण र युवा लाग्नुपर्ने वेला आएको बताए । मुलुकमा भएका सबै परिवर्तनको नेतृत्वकर्ता पार्टी कांग्रेस र यसको नेतृत्वमाथि विभिन्न दल र समूहले अनेकौं बहानामा षड्यन्त्र गर्ने गरेको भन्दै उनले सतर्कतापूर्वक भण्डाफोर अभियान चलाउनुपर्ने बताए ।

अध्यक्ष गुरुङले तरुण दलका नेता तथा कार्यकर्तालाई सधैं सजग र तयारी अवस्थामा रहन निर्देशन दिए । कांग्रेस मकवानपुरका जिल्ला सभापति बुद्ध लामाले तरुण दलको महाधिवेशन समयमै होस् भन्ने आफूहरुले चाहेको बताए । उनले जिल्लामा तरुणको गतिविधिलाई क्रियाशील बनाउन महाधिवेशन आवस्यक रहेको भन्दै पार्टीका तर्फबाट आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

केन्द्रीय अध्यक्ष गुरुङले केन्द्रको प्रारम्भिक र पूर्णकालीन फारम भरी जतिसक्दो चाँडो केन्द्रमा पठाउन निर्देशन दिँदै फारम मकवानपुर जिल्लाका अधिवेशन संयोजक ईश्वर पाठकलाई हस्तान्तरण गरेका थिए । कार्यक्रममा तरुण दलका केन्द्रीय सदस्य राजेश भेट्वाल, सुनील दाहाल, गोपी दाहाल, सरिन घिमिरे लगायतको उपस्थिति थियो ।

## बौद्ध पेट सपको हेटौंडामा शाखा विस्तार

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ काठमाडौंको बौद्धमा बिगत ८ बर्षदेखि संचालनमा रहेको बौद्ध पेट सपले हेटौंडामा पनि शाखा विस्तार गरेको छ ।




फागुन १ गतदेखि सपले हेटौंडा उपमहानगरपालिका-४ स्थित स्कुलरोडमा आफ्नो नयाँ शाखा खोलेको हो । घरमा पाल्नको लागि उच्चगुणस्तरको घरपालुवा जनावर कुकुर, बिरालोका बच्चा बिक्रीको लागि राखिएको सपका सञ्चालक सक्रिय कार्कीले जानकारी दिए । त्यसैगरी घरपालुवा जनवारको लागि चाहिने खाना, औषधि, भ्याक्सिन, खेलौना र अन्य सामान उपलब्ध हुने उनले बताए । त्यस्तै सपले कुकुरको ट्रेनिङ प्रदान गरिने उनले बताए ।

## भीमफेदीः अनौपचारिक क्षेत्रका ९९ श्रमिक कोषमा आबद्ध



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ मकवानपुरको भीमफेदी गाउँपालिकाले यसवर्ष अनौपचारिक क्षेत्रमा कार्यरत ९९ श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको छ ।

सिकर्मी, डकर्मी, कृषि मजदुर र सवारीसाधनमा काम गर्ने श्रमिकलाई पालिकाले कोषमा आबद्ध गराएको हो । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले चालु आर्थिक वर्षमा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यक्रमको सोमबार शुभारम्भ गरेका हुन् ।

कार्यक्रममा मुख्यमन्त्री लामाले गाउँपालिकाको यो कार्य उदाहरणीय रहेको बताए । यसले उनीहरुको जीवन र परिवारमा सहजता आउने उनको भनाइ थियो ।

यो कार्य भीमफेदी गाउँपालिकाले मात्र होइन प्रदेशका १ सय १९ वटै पालिकाले अनुसरण गर्नुपर्ने मुख्यमन्त्री लामाको धारणा छ । त्यसैगरी नेकपा एमालेका प्रमुखसचेतक महेश बर्तौलाले सरकारले संगठित वा असंगठित क्षेत्रका श्रमिकको जीवन र उनीहरुको परिवारलाई सबल बनाउन विभिन्न योजना ल्याएको दाबी गरे । प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले पालिकाबासीलाई सक्षम बनाउन चालिएका यस्ता कार्यले सबै क्षेत्रमा सकारात्मक सन्देश पुग्ने बताइन् ।

भीमफेदी गाउँपालिकाले गत आर्थिक वर्षदेखि योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई समावेश गर्दै आइरहेको छ । पालिकाले गतवर्ष अनौपचारिक क्षेत्रका ९८ श्रमिकलाई कोषमा आबद्ध गराएको थियो । चालु आर्थिक वर्षका लागि योगदानमा आधारित श्रमिक कोष शीर्षकमा २५ लाख बजेट विनियोजन गरेको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए ।

अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन नेपाल सरकारले औद्योगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ११ प्रतिशत अर्थात ११९० रुपैयाँ र गाउँपालिकाको तर्फबाट ९ दशमलव ३७ प्रतिशत अर्थात् १०१४ रुपैयाँ थप गरी जम्मा २० दशमलब ३७ प्रतिशत अर्थात् २२०४ रुपैयाँ मासिक गाउँपालिकाको कोषमा जम्मा गरिने व्यवस्था मिलाएको छ ।

## थाहामा भूमि आयोगको अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाले आफ्नो पालिकाभित्र रहेको भूमिसम्बन्धी समस्या समाधानका लागि प्रथम चरणको अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षता एवम् भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । नापी भईसकेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित भूमिहिन हरुलाई जग्गा प्रदान गर्नको लागि अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना भएको भूमि समस्या समाधान आयोग मकवानपुरका सदस्य कविन सांगामीले जानकारी दिए ।

१२ वटा वडा रहेको थाहा नगरपालिकाको २, ८, ९ र १० नम्बर वडामा जग्गा दर्ताको कुनै दावी नभएको तर २०७१ सालमा भूमि प्राप्तिको लागि परिचयपत्र बनेको अन्तरक्रिया कार्यक्रममा उपस्थित भएका हरुले गुनासो गरे ।

पटक पटक नापी हुने तर लालपुर्जा नबाँडिदा समस्या भएको थाहा नगरपालिकाका मेयर विष्टले बताए । नापी भएको तर फिल्डबुकमा नाम नभएको समस्या रहेको मेयर विष्टले बताए । विगत लामो समयदेखि भूमिहिन भएर बसेका व्यक्तिहरुलाई जग्गा प्राप्तिका लागि आयोगले काम गर्ने भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलले बताए ।

कार्यक्रममा थाहा नगर पालिकाका उपमेयर भरत गोपाली, भूमि समस्या समाधान आयोग मकवानपुरको विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाई, सदस्य डिलमाया घर्ती, मालपोत कार्यालय मकवानपुरका प्रमुख रघुवंश कडेल, नापी कार्यालय मकवानपुरका प्रमुख खीमबहादुर रानालगायत थाहा नगरपालिकाका वडा अध्यक्षहरु र राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेसिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेसिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# लोप हुँदै पुराना प्रबिधिको प्रयोग

हाम्रा अग्रजहरुले आविस्कार गरेका परम्परागत प्रबिधिको प्रयोग लोप हुने खतरामा छ । ढिकी, जाँतो, उड्कल, कोल, चेपुवा, हलो जस्ता परम्परागत प्रबिधिको प्रयोग हुन छोडेको छ । आधुकिताले गाउँघरलाई पनि ढपक्क पार्दैछ । गाउँघरमा कुटानी पिसानीका लागि प्रयोगमा आउने परम्परागत र मौलिक प्रबिधि ढिकीजाँतोको प्रचलन लोप हुँदै गएको छ । ग्रामीण बस्तीमा धान, मकै कुट्ने, पिठो पिस्नेलगायत कामका लागि आधुनिक विद्युतीय मिल भित्रिएपछि ढिकीजाँतोको प्रयोग हराएको हो । कुटानी, पिसानीको सहज माध्यमकारुपमा बजारमा विद्युत् तथा पेट्रोल, डिजेलबाट चलाउन सकिने आधुनिक मिल आउन थालेपछि ढिकीजाँतोको प्रयोग हराउन थालेको छ । मानिसहरु उत्पादनमुखी भन्दा पनि आयातित चामल, दाललगायत खाद्यसामग्री प्रयोगमा बढी निर्भर हुँदा पनि ढिकीजाँतोको चलन हराएको देखिन्छ । विगतमा ढिकी र जाँतोमा धान कुट्ने, गहुँ, कोदो, मकै, फापर, दाललगायत पिस्ने काम हुने गरेको थियो । पछिल्लो समयमा आधुनिक मिलको सहायताले मानिस कुटानी पिसानी गर्दै आएका छन् ।

दशक अघिसम्म स्थानीयको घरमा ढिकीजाँतो अनिवार्य हुने गरेको भएपनि त्यो चलन हिजोआज हराएको थाहानगरबासीले बताएका छन् । पितापुर्खाले चलन गरेको यस्ता प्रविधिको संरक्षण गर्न आवश्यक रहेको उनीहरुको भनाइ छ । गाउँघरमा परम्परागतरुपमा प्रयोगमा ल्याइने ढिकीजाँतो, पानीघट्टको चलन हराएको अवस्था छ । पहिला गाउँघरमा ढिकीजाँतो अनिवार्यजस्तै थियो । अहिले त्यस्तो अवस्था रहेन । प्रविधिको विकाससँगै ढिकीजाँतोको चलन इतिहास बन्ने अवस्था छ । गाउँघरमा विद्युत् पुगेसँगै मकवानपुरका अधिकांश ग्रामीणक्षेत्रमा विद्युतबाट चल्ने मिल राखेर धान, मकै कुट्ने, तेल पेल्नेदेखि पिठो पिसाउन थालेपछि गाउँमा परम्परागतरुपमा चल्दै आएका ढिकीजाँतो हराएका हुन् । कुटानी-पिसानीका लागि आधुनिक मिलले सहज भएपछि ढिकीजाँतो भने लोप हुँदै गएको कैलाशका स्थानीयको भनाइ छ । मानिसले बढी मेहनत गर्नुपर्ने भए पनि ढिकीजाँतोमा कुटेका खाने कुरा स्वास्थ्यकर र स्वादिष्ट हुने कैलाश गाउँपालिकाबासी बताउँछन् । आधुनिक मिलमा कुटानी-पिसानीका लागि सहज छ तर, परम्परागत चलन हराउँदै गएको अवस्था छ । मिलमा कुटानी-पिसानीका लागि छिटो हुने भएकाले ढिकीजाँतोको चलन हराएको उनीहरुले बताएका छन् । गाउँका प्रत्येकजसो घरमा देखिने ढिकी तथा जाँतो पछिल्लो समय लोप भएको उनीहरुको भनाइ छ । भौगोलिकरुपमा विकट र विद्युत् पुग्न नसकेका गाउँमा भने अहिलेसम्म ढिकी तथा जाँतोको प्रयोग हुने गरेको छ । विद्युत् पुगेका ठाउँमा परम्परागतरुपमा रहेका ढिकी तथा जाँतो प्रयोग गर्ने चलन हराएको स्थानीय बताउँछन् । नयाँ प्रविधिको विकासले परम्परागत ढिकीजाँतो इतिहास बन्ने अवस्था आएको छ ।

परम्परागतरुपमा प्रयोग गर्दै आएका ढिकीजाँतोलाई संरक्षण गर्न आवश्यक रहेको स्थानीयको भनाइ छ । पूजाआजामा प्रयोग गरिने पिठो चामललगायत कुट्नका लागि ढिकी अनिवार्य जस्तै थियो । परम्परगतरुपमा गरिने काममा मेहनत धेरै परेपनि कम खर्चिलो हुने स्थानीयले बताएका छन् । मेहनत बढी परेपनि ढिकीजाँतोको सहजताले कुटिएका खानेकुरा लाभदायक हुन्छ, उनीहरुले भने, यस्तो चलन गाउँघरबाट हराउँदै जानु दुःखद् हो । यी कुरालाई हामीले पनि संरक्षण गर्न आवश्यक छ । आधुनिक मिलले मानिसको दैनिक जीवनमा सहजता प्रदान गरेपनि खाद्यान्नमा हुने पौष्टिकतत्व भने नष्ट हुने स्थानीयवासीको भनाइ छ । परम्परागतरुपमा चलन आउने गरेका प्रविधिको संरक्षण गरेर नयाँ पुस्तासम्म पुऱ्याउन आवश्यक रहेको स्थानीय जानकारहरु बताउँछन् । केहीवर्ष अघिसम्म थाहानगरबासीले उड्कलमा लुसीले कुटेको स्वादिष्ट चिउरा खाने गरेका थिए । तर, हिजोआज उड्कल देखिन छाडेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २८ गते बुधबार १२ मार्च २०२५ । त्रयोदशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:१९, सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# बिग मर्जरको प्रभाव लाभांशमा



✍ नरेन्द्रमान श्रेष्ठ

पछिल्लो समयमा केही बिग बैंकहरुले आ-आफ्नो वार्षिक साधारणसभाहरुमा मर्जरको एजेन्डासहितको प्रस्ताव राखेका छन् भने केहीले मर्जरको प्रस्ताव पारित पनि गरिसकेका छन् । बैंकहरुलाई मर्जर गर्न पर्ने के आवश्यकता पऱ्यो भन्ने कारण भने खुलाउन सकेका छैनन् । पुँजी वृद्धि गर्नको लागि मात्र हो कि अरु पनि कारण छन् ? मर्जर र बिग मर्जरको कारणले बैंकहरुले राम्रो नाफा कमाउन सकिरहेका छैनन् । ३५ अर्बभन्दा बढी पुँजी भएको ग्लोबल बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकले खोइ त सोचेजस्तो नाफा आर्जन गरेको ? पछिल्लो समयमा बैंकहरुमा निक्षेप थुप्रिएको थुप्रियै छ । बैंकमा अधिक तर लता भएको बैंकहरु स्वयं बताइरहेका छन् ।

बैंकहरुले लगानी गर्न सकिरहेका छैनन्, जसका कारणले बैंकहरुले मुनाफा आर्जन गर्न सकिरहेका छैनन् । त्यसो त बैंकहरुले राम्रो सोचेजस्तो मुनाफा गर्न नसकेको विविध कारणहरु होलान् तर सर्वसाधारण लगानीकर्ताको भनाइमा भने बैंकहरुको मर्जरले गर्दा हो भन्ने भनाइ रहेका छन् । बैंकहरुबीच एक-आपसमा मर्जरर एक्वायरले गर्दा लाभांशमा नकारात्मक असर परेको बताउँछन् सर्वसाधारण लगानीकर्ताहरु । त्यसो त बिग मर्जर गरेका बिग बैंकहरुले २०८०/८१ मा शेयरधनीहरुलाई लाभांशसमेत दिन सकेनन् ।

बिग मर्जर गरेका नेपाल इन्भेस्टमेन्ट, मेगा बैंक, हिमालयन बैंक, कुमारी बैंक, प्रभु बैंकले लाभांश दिन सकेनन् । तर मर्जरमा नगएका बैंकहरुले शेयरधनीहरुलाई १० प्रतिशतभन्दा बढी लाभांश दिएका छन् । पछिल्लो समयमा शेयरबजारमा यस्तै चर्चा चलेका छन् । मर्जरको कारणले बैंकहरुले शेयरधनीहरुलाई राम्रो लाभांश दिन नसकेको हो भनाइ आएको छ शेयरधनीहरुको । मर्जरमा नगएका केही बैंकहरुले १० प्रतिशतभन्दा बढी लाभांश दिएका छन ।

स्टान्डर चार्टर्ड बैंकले २५.५, एभरेस्ट बैंकले १५.५३, नेपाल एसबीआई बैंकले १०.६५ प्रतिशत र कृषि विकास बैंकले १०.३ प्रतिशत लाभांश दिएका छन् । २१ वटा कम्पनीहरुसँग मर्जर एक्वायर गरेको भनेर गर्व गर्ने गरेको ग्लोबल बैंकले यस वर्ष ५.५ प्रतिशत मात्र लाभांश दिएको छ शेयरधनीहरुलाई । गतवर्षको साधारणसभामा २० प्रतिशतको हाराहारीमा लाभांश दिने भनेर घोषणा गरेको ग्लोबल बैंकले लाज नमानी ५.५ प्रतिशत मात्र लाभांश दियो ।

त्यसै गरी विगतका वर्षहरुमा लाभांश दिने बैंकमा अब्बल मानेको र २ वर्षअगाडिको साधारणसभामा ३ वर्षसम्म ३० प्रतिशतको हाराहारीमा लाभांश दिने भनेर घोषणा गरेको नबिल बैंकले पनि यस वर्ष १० प्रतिशत मात्र लाभांश दियो, त्यो पनि नगद । नबिल बैंकले नेपाल बंगलादेश बैंकसँगग मर्जर गरेको कारणले यो बैंकको साखमा गिरावट आएको कतिपयको भनाइ छ । तर बंगलादेश बैंकका शेयर धनीहरुलाई सबभन्दा बढी घाटा रहेको भन्दा पनि फरक नपर्ला ।

बैंकहरुको पुँजी बढाउन र बैंकहरुको संख्या घटाउनको लागि नेपाल राष्ट्र बैंकले बैंक तथा वित्त कम्पनीहरुलाई मर्जर एक्वायरमा जानको लागि दबाब दिएको र बैंक वा वित्त कम्पनीहरुले पनि नेपाल राष्ट्र बैंकको आदेशलाई श्री पशुपतिनाथ भगवान्को प्रसाद ठानेर ग्रहण गरेको कारणले अधिकांश लगानीकर्ताले घाटा व्यहोर्नुपरेको बताउँछन् जानकारहरु । एकातिर बैंक तथा वित्त कम्पनीहरुले गरेको मर्जर एक्वायरले शेयरधनीहरुले राम्रो प्रतिफल पाउन सकेनन् भने मर्जर गर्दा स्वाप रेसियोमा पनि शेयरधनीहरु ठगिएका छन् ।

मर्जरको कारणले पनि शेयरबजारमा मागभन्दा आपूर्ति बढी हुने गरेकोले बजारमा शेयरको भाउमा पनि गिरावट आएको जानकारहरु बताउँछन् । पछिल्लो समयमा वाणिज्य बैंकहरुको बजारमा शेयरको भाउ २-३ सयको हाराहारीमा कृष्णको सुदर्शन चक्रजस्तो घुमिरहेको छ । मर्जर एक्वायरको कारणले एकातिर बजारमा शेयरको भाउ घटिरहेको छ भने अर्कोतिर बैंकहरुले पनि शेयरधनीहरुलाई चित्त बझ्दो लाभांश दिन सकिरहेका छैनन् ।

त्यसै गरी एकातिर मर्जरको कारणले बैंकहरुको पुँजी वृद्धि भएको छ भने अर्कोतिर पछिल्लो समयमा बैंकहरुमा तरलता पनि अधिक रहेको अनि बैंकहरुले लगानी गरेको लगानी पनि उठाउन सकिरहेका छैनन्, जसको कारणले बैंकहरुको निष्क्रिय कर्जा पनि बढेको देखिन्छ । अधिकांश बिग बैंकहरुको निष्क्रिय कर्जा बढेको छ भन्दा पनि फरक नपर्ला, जसका कारणले पनि शेयरधनीहरुले न्यून मात्रामा लाभांश पाउने गरेका छन् ।

बैंकहरुको यस्तो अवस्था भइरहँदा पनि केही बैंकले मर्जर एक्वायरको एजेन्डा ल्याउने गरेका छन् । चुक्ता पुँजी बढेका बैंकहरुले बढी नाफा गर्न सकिन्छ भन्ने भनाइलाई पछिल्लो समयमा बैंकहरुले नै गलत साबित गरिदिएका छन् । चुक्ता पुँजी बढी भएका बैंकहरुले पुँजी वृद्धिको अनुपातमा नाफा आर्जन गर्न असफल भएका छन् । यसको असर शेयरको भाउमा समेत परेको छ । त्यसो त बैंकहरु एक-आपसमा मर्जर एक्वायर गर्दा केही सीमित व्यक्तिहरु र कम्पनीलाई केही फाइदा भए पनि सर्वसाधारण लगानीकर्तालाई भने घाटा नै छ ।

मर्जरमा गएका अधिकांश बैंकहरुको बजारमा माग र आपूर्तिको सन्तुलन नमिल्दा शेयरको भाउ बढ्न सकिरहेको छैन । बजारमा मागभन्दा बढी आपूर्ति भएको बताउँछन् सरोकारवाला । त्यसै गरी पुँजी वृद्धिको अनुपातमा नाफा बढाउन नसक्दा प्रतिशेयर आम्दानी घटिरहेको छ भने निष्क्रिय कर्जा बढिरहेको छ भन्दा पनि फरक नपर्ला । विगतमा बैंक तथा वित्त कम्पनीहरुको संख्या बढी भयो भनेर नेपाल राष्ट्र बैंकले मर्जर गर्न दबाब दिएको नेपाल राष्ट्र बैंकको नीति नै गलत रहेको जानकारहरु बताउँछन् ।

विगतमा चाहिँ कमिसनको चक्करमा श्राद्धको प्रसाद बाँडेजस्तो गरी लाइसेन्स बाँड्ने अनि अहिले बैंक तथा वित्त कम्पनीहरुको संख्या बढी भयो भनेर मर्जर गर्न दबाब दिने । बैंक तथा वित्त कम्पनीहरुको मर्जरले सबभन्दा बढी मार वाणिज्य बैंकहरुका लगानीकर्ताहरुले भोग्नुपरिरहेको छ ।

बैंक तथा वित्त कम्पनीहरुको मर्जरको कारणले एकै बैंकको शेयरको थुप्रो नै भइसकेको छ शेयरधनीहरुसँग, जसका कारणले शेयर धनीहरुलाई नखाऊँ भने दिनभरको सिकार खाऊँ भने कान्छा बाउको अनुहारजस्तै भइरहेको छ । शेयर बिक्री गरौं भने घाटामा, नगरौं भने एकै बैंकको शेयरको थुप्रो ।

अन्त्यमा केही बैंक तथा वित्त कम्पनीहरुले केही प्रतिशत लाभांश दिने क्षमता भए पनि यस वर्ष नदिने, सञ्चित कोषमा राख्ने भनेर शेयरधनीहरुलाई लाभांश दिएनन् । तर अधिकांश शेयरधनीहरुको भनाइमा जुन वर्षको लाभांश हो त्यही वर्षमा जतिसुकै भए पनि शेयर धनीहरुलाई वितरण गर्नुपर्छ भन्ने गरेका छन् । त्यसै गरी वाणिज्य बैंकहरुले लाभांश दिँदा बोनस शेयर होइन, नगद लभांश दिनुपर्ने बताउँछन् सरोकारवालाहरु ।

एक त बिग मर्जरको कारणले वाणिज्य बैंकहरुको पुँजी आवश्यकताभन्दा बढी भइसकेको छ, जसले गर्दा शेयरधनीहरुलाई राम्रो लाभांश दिन सकिरहेका छैनन् भने बोनस शेयरहरु लाभांशको रुपमा दिँदा कम्पनीको पुँजी बढ्ने हुन्छ । पुँजी बढेको अनुपातमा नाफा बढाउन सकेन भने कम्पनीहरुलाई लाभांश दिन नै समस्या हने देखिन्छ । कम्पनीहरुले राम्रो नाफा आर्जन गर्न नसकेसम्म नगद लाभांश दिन नै उपयुक्त हुने देखिन्छ । त्यसो त नगद लाभांशभन्दा बोनस शेयर नै दिए राम्रो हुने कतिपय शेयरधनीहरुको भनाइ पनि रहेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# संसद्मा सांसद होइन, दल प्रभावी छन्

✍ कृष्ण सिटौला

संविधान एउटा राजनीतिक कोर्स हो । नेपालको राजनीतिक कोर्स भारत, अमेरिका, बेलायतको जस्तो छैन । अमेरिकामा पहिले पार्टीहरू जन्मिएका होइनन् । ब्रिटिस साम्राज्यसँग लडेर स्वतन्त्र भएपछि अमेरिका आफैंले संविधान बनायो । त्यसबेला प्रदेशमा बढी अधिकार रहने कि केन्द्रमा भन्ने बहस थियो र त्यही बहसमा पार्टी जन्मिए । बेलायतमा पनि पहिले पार्टी जन्मिएको होइन । बेलायती संसदमै कहाँ बढी अधिकार रहने भन्नेमा जनप्रतिनिधिहरू विभाजित भए र त्यो पार्टीमा परिणत भयो ।

भारतमा पहिले कांग्रेस थियो । त्यो अंग्रेज भगाउन महात्मा गान्धीको नेतृत्वमा जन्मिएको हो । भारतीय जनता पार्टी भर्खरै जन्मिएको पार्टी हो । तर, नेपालको सन्दर्भ फरक छ । नेपालमा पहिले पार्टीहरू जन्मिए । पार्टीहरूले सिद्धान्त, नीति बनाए, त्यसअनुकुल एउटा उद्देश्य तय गरेर क्रान्ति सुरु गरेका छन् वा परिवर्तन भएको छ । यसकारण पार्टीहरूको प्रभाव संसदरुमा पर्छ । नेपालमा कुनै दलको नेता संसदरुमा छैन भने पनि, यदि त्यो नेता पार्टीको सभापति वा पार्टी प्रमुख छ भने त्यस पार्टीका सांसदहरू उसकै विचारबाट राम्ररी प्रभावित हुन्छन् । पार्टीका निर्णयहरू संसदमा भेन्टिलेट हुन्छन् । पार्टी स्ट्रोङ्ली कुनै विषयमा उभियो भने त्यस पार्टीका सांसद त्यही विचारमा जान्छन् । अवज्ञा गर्नेलाई पार्टीले निष्कासन गर्छ । यस्तो हो हाम्रो व्यवस्था ।

नेपालको राजनीतिक आन्दोलनको प्रकृति जुन छ, त्यसलाई सम्झेर, बुझेर जो कोहीले केही कुरा राख्नु, सम्झिनु र गर्न खोज्नु उचित हुन्छ । यसलाई हामी तत्काल परिवर्तन गर्न सक्दैनौं । पार्लियामेन्टले पार्टीलाई हिँडाउन सक्दैन, पार्टीले पार्लियामेन्टलाई हिँडाउँछ । विचारका दृष्टिकोणबाट हिँडाउँछ । यो मूल मान्यता हो, फरक ढंगले जाने स्थिति बनेको छैन । मेरै पार्टी नेपाली कांग्रेसको कुरा गरौं- कुनै विधेयकमा वा कुनै विषयमा चर्को गरी आवाज उठ्यो भने सबैभन्दा पहिले बैठक बस्छ । कार्यसमितिको होस् वा कार्यसम्पादन समितिको । माओवादी, एमालेको पनि सचिवालय वा स्थायी समिति बस्छन् र त्यहाँबाट निर्णय हुन्छ अनि त्यो निर्णय सरकार वा संसदरुमा पुग्छ । यसकारण आजको दिनमा पनि राजनीति हिँडाउने मूल जिम्मा पार्टी संगठनमा छ ।

अहिलेको सरकारलाई सुझाव दिन पनि कांग्रेस र एमालेको दुईदलीय संयन्त्र बनाइएको छ । केपी ओली, शेरबहादुर देउवा सँगै बसेर संयन्त्र बनाइएको छ । प्रदेशमा पनि बनाइएको छ । अझ तलसम्म संयन्त्र गएका छन् । यस संयन्त्रमार्फत पार्टीको प्रभाव छ । मन्त्रीहरू संसदीय दलप्रति उत्तरदायी त छन्, तर स्वयं संसदीय दलहरू पार्टीप्रति उत्तरदायी छन् । यो बुझ्दा मात्रै विधेयक कसरी निर्माण हुन्छ, कसरी बहस सुल्झिन्छ, कसरी सरकार बन्छ र परिवर्तन हुन्छ भन्ने बुझ्न सकिन्छ ।

### फरक प्रकृतिका माननीय र मनोविज्ञान

हामी संघीयतामा छौं । नेपालको संघीयताको संरचना पनि अरु देशको जस्तो छैन । हाम्रो संघीय संरचना तीन तहको छ । तीनै तहको अधिकार संविधानमा नै परिभाषित छ । त्यसभित्र रहेर काम गर्नुपर्छ । यहाँ राष्ट्रिय सभा र प्रतिनिधि सभाको संरचना बुझ्न आवश्यक छ । राष्ट्रिय सभा सदस्यका मतदाता प्रदेशका सांसद र स्थानीय तहका प्रमुख र उपप्रमुखहरू हुन् । हामी राष्ट्रिय सभाका सांसदहरूले उनीहरूमार्फत जनताको कुरा सुन्ने हो । राष्ट्रिय सभामा तीन जना सांसद राष्ट्रपतिबाट मनोनित हुन्छन् । बाँकी निर्वाचित भएर आउँछन् । दलित र महिला इनक्लुसिभ हुन् । कोही विशेष मान्छे छुट्यो भने, देशलाई नै प्रभावित पार्ने व्यक्ति छुट्यो भने, जसको विचार देशले सुन्न चाहन्छ र तिनलाई दलहरूले राष्ट्रिय सभामा लैजान सकेनन् भने मनोनित गर्ने मन हुँदा प्रधानमन्त्रीले गर्न सक्नुहुन्छ । यसको अभ्यास संविधानको मर्मअनुसार भएको छ कि छैन समीक्षा हुनसक्छ । तर संविधान बनाउँदा सोचिएको यही हो ।

प्रतिनिधि सभामा पनि सांसदका प्रकृति फरक छन् । एउटा प्रत्यक्ष चुनाव जितेर आउँछन्, अर्को समानुपातिक निर्वाचन प्रणालीमार्फत आउँछन् । प्रतिनिधि सभामा पुगेपछि अधिकार बराबरी हो । तर प्रकृतिमा फरक छ । एउटा समानुपातिकबाट सजिलै पुगेको हुन्छ । अर्को प्रत्यक्ष चुनाव लडेर अलिकति कठिन यात्राबाट पुगेको छ । यसकारण प्रस्तुतिमा पनि दुई प्रकृति देखिन्छ । एउटा एकदमै पपुलिस्ट कुरा बोल्न तयार हुन्छ । पपुलर कुरा छ भने सीमा नाघेर बोल्नसमेत तयार हुन्छ । निर्णयमा पुगोस् वा नपुगोस् जनतालाई प्रभाव पार्ने खालको विषय छ भने प्रत्यक्ष निर्वाचित सांसदले बोल्न छोड्दैन । समानुपातिकबाट आउनेको ध्यान नेताप्रति ज्यादा हुन्छ । मेरो नेताले के भन्छ भन्ने हुन्छ । प्रत्यक्ष चुनाव जितेर आउनेको ध्यान निर्वाचन क्षेत्रको जनताले के भन्छ भन्नेमा ज्यादा हुन्छ । यो मनोविज्ञान हो ।

### संसदले कानुन बनाउँदैन, सुझाउँछ

कानुन निर्माण गर्ने सन्र्दभमा मेरो आफ्नै प्रश्न छ- कानुन संसदले निर्माण गर्छ ? संसारकै अभ्यास लिएर यो भनिएको हो । भारतको हेरेर पनि भनिएको हो । अर्थसम्बन्धी वा अर्थ जोडिएको जुनै पनि विधेयक चाहे एक रुपैयाँ जरिवानाको विषय होस्, चाहे दण्डको विषय होस् त्यो गैरसरकारी विधेयकको रुपमा संसद्मा आउन पाउँदैन । अर्थ विधेयकबाहेक भनिएको छ । अर्थ विधेयक भनेको बजेट मात्रै होइन । अर्थसँग गाँसिएको विषयसम्बन्धी विधेयक सरकारी विधेयकको रुपमा मात्रै संसदरुमा प्रवेश हुन्छ । प्रवेश गरेको विधेयक सरकारले चाहेको बेला फिर्ता गर्नसक्छ । एउटा कन्डिसन छ- सभामा विचाराधीन विधेयक सभाको सहमतिबाट मात्रै फिर्ता गर्न सकिनेछ । सभाको सहमति भनेको के हो ? प्रधानमन्त्रीको सहमति होइन ? किनभने, बहुमत त प्रधानमन्त्रीसँग हुन्छ । यसकारण सरकारले जे चाह्यो त्यही हुन्छ ।

यसरी मूल रुपमा विधेयकमा सरकार प्रभावी छ । संसदरुमा विधेयक पेस उसैले गर्छ । संशोधन हालिन्छ । त्यो संशोधनलाई सरकारले स्वीकार गर्नुपर्छ । विधेयकमाथिको छलफलमा मन्त्रीहरू रहन्छन् । मन्त्रीले संशोधन स्वीकार गरेपछि मात्रै त्यो अगाडि बढ्छ । व्यावहारिक रुपमा हेर्दा यस्तो छ । राजनीतिक शास्त्रीय दृष्टिकोणले भन्दा- संसदले कानुन बनाउँदा, सरकारले राज्य सञ्चालन गर्छ र न्यायपालिकाले न्याय दिन्छ भन्ने हो । तर व्यवहारमा संसदले विधेयक परिमार्जन गर्छ । मान्छेलाई कन्भिन्स गर्छ । आफ्नै पार्टीबाट मन्त्री भएकालाई कन्भिन्स गर्छ । धेरै विधेयक संसदरुमा परिमार्जन भएका छन् । परिमार्जन सम्बन्धित मन्त्रीको सहमतिमै भएका छन् । यसरी हेर्दा संसदले आएका विधेयकलाई परिमार्जन गर्छ । परिमार्जनसहित पास भएर अगाडि जान्छ र प्रमाणीकरण भएर ऐन बन्छ ।

दुई वटा हाउस किन ? भन्ने प्रश्न पनि सुनिन्छ । वास्तवमा गल्ती नहोस् भनेर राखिएको व्यवस्था हो । संसारभरको इतिहासले पनि यही भन्छ । एउटै मात्रै हाउस राख्दा हडबडमा केही गल्ती भए गल्ती नै अगाडि बढ्छ । एउटा हाउसमा गल्ती भए अर्को हाउसले सच्याइदिन्छ । राष्ट्रिय सभामा उत्पति भएर अगाडि बढ्यो त्यसलाई प्रतिनिधि सभाले करेक्सन गरिदिन्छ । प्रतिनिधि सभामा उत्पति भएर अगाडि बढ्यो त्यसलाई राष्ट्रिय सभाले करेक्सन गर्छ । प्रतिनिधि सभाभन्दा राष्ट्रिय सभा मेचुअर्ड मानिन्छ, संसार भर यस्तै मान्यता छ । तर त्यही प्रकृतिका मानिस त पुग्नुपऱ्यो । जतिसुकै मेचुअर्ड भनिए तापनि एउटा कुरा पक्का छ- त्यहाँ गएका मानिस राजनीतिक दलप्रति जवाफदेही भएर बसेका छन् । राजनीतिक दलले ह्वीप जारी गऱ्यो भने त्यही गर्छन् । ह्वीप सिस्टम छ । सत्तापक्षले ह्वीप लगाउँछ, विपक्षीले ह्वीप लगाउँछ । ह्वीप लगाएपछि दायाँबायाँ हुँदैन । ह्वीप उल्लंघन गरे कारबाहीमा पर्छ । सांसद पदबाटै निष्कासनसम्म हुन्छ ।

यसरी हेर्दा पनि कानुन निर्माणमा मुख्य जिम्मेवार सरकार हुन्छ र छ । कस्तो कानुन निर्माण गर्ने ? सरकारमै भर पर्छ । सरकारलाई छिटो कानुन चाहियो छिटो बन्छ, ढिलो चाहिए ढिलो बन्छ । सरकारलाई छिटो चाहिए सत्तारुढ पार्टीका सांसदलाई छिटो पास गर भन्छ, सरकारलाई नै हतार छैन भने संसद्मा पेस गरिदिन्छ र त्यहींदेखि ढिलासुस्ती गरिदिन्छ । संसदीय समितिमा पुगेन भन्छ, पुगेपछि पनि केके भनिरहन्छ । विद्यालय शिक्षा ऐनमा पनि त यही भएको छ । सरकारलाई हतारो छैन र त्यहीँ अड्केर बसिरहेको छ । किनभने सरकार बहुमतको हुन्छ । सरकारलाई छिटो चाहिए फूल हाउसबाटै पास गर्छ विपक्षी कराउँदै गर्छ, सरकार अगाडि बढ्छ । संसदीय समितिमा लैजाऔं भनिए भोटिङ गराइदिन्छ । बहुमत सरकारसँगै हुन्छ भने रोकिन्छ त विधेयक ? रोकिँदैन । यसकारण जब कानुन निर्माणमा संसद्मा सांसदलाई ह्वीप लाग्ने व्यवस्था राखिन्छ त्यहाँ सांसदहरू फ्रि हुँदैनन् । एउटा सीमा (संशोधनका लागि सुझाउने सीमासम्म हुन्छन् । यो सीमा नाघ्न सक्दैन । विषयमा दलको धारणा के हो त्यो दलीय सीमा नाघ्न सांसदहरूले सक्दैनन् ।

म आफैं सांसद छु । राष्ट्रिय सभामा विधेयक आउँछ । सत्ताले ह्वीप लगायो भने के गर्ने ? नदिने ? यो मैले गर्न सम्भव छ ? अध्यादेशकै कुरा गरौं न, अध्यादेश स्वीकृत भयो त, ह्वीप थियो हैन र ? दुवै सभामा ह्वीप थियो । सत्ताका सांसदले मत दिए स्वीकृत भयो । अध्यादेशमा केके छ कसले हेर्छ ? प्रतिस्थापन विधेयक आउँदा संशोधन पर्लान् । त्यसबेला पनि ह्वीप लागेन भने परिमार्जन गरौंला, ह्वीप लाग्यो भने परिमार्जन बिना नै पास हुन्छ । यो व्यावहारिक पक्षमा आधारित भएर टिप्पणी गर्दा उपयुक्त हुन्छ । यो पक्षलाई हेरेर टिप्पणी गरियो भने सरकारले सुन्छ, सत्तापक्षले सुन्छ, प्रतिपक्षले पनि सुन्छ र सांसदहरूले पनि विचार गर्छन् । अध्यादेश आयो, स्वीकृत भयो हामी सब खुसी छौं, सत्ताका सांसदहरू गद्गद् छौं । विपक्षीहरू खुसी छैनन्, स्वीकृत भयो, बर्बाद भयो भन्छन् । विधेयकमा सबै नराम्रो नहोला, सबै राम्रो पनि त नहोला । तर परिस्थिति यस्तो बन्छ ।

कानुन पूर्ण कहिले हुन्न । यो समयसापेक्ष विकास भइराख्ने विषय हो । अमेरिका बाइडेनको पालामा एउटा थियो, ट्रम्पको पालामा अर्को आइसक्यो त । को सत्य हो ? कोही पनि सत्य छैन । आ-आफ्नो दृष्टिकोणलाई यही सत्य हो भनेर हिँड्न खोज्छ मान्छे, यो प्राकृतिक स्वभाव हो । हाम्रो देशमा पनि यस्तै छ । २०४८ सालयताका हाम्रा प्रधानमन्त्रीहरूका कदम कसैको नाम नलिएर भन्छु म- संसद कतिपटक विघटन भयो ? भएको भयै छ । २०५१ सालतिर भयो, २०५७ सालमा भयो, फेरि हिजो-अस्ति (२०७७ र २०७८) भयो । कोही अदालतले थाम्न सक्छ, कोही थाम्न सक्दैन ।

### संविधान संशोधन र प्रदेशको भूमिका

नेपाललाई नेपालकै भएर हेर्नुपर्छ । पार्टीहरू जन्मिएर, संघर्ष भएर अहिलेको राजनीतिक कोर्समा आइपुगेका हौं । संविधान सभाबाट संविधान जारी भयो । संविधान जारी भएपछिको पहिलो पाँच वर्षे कार्यकाल पूरा भयो । दोस्रो कार्यकालमा स्थानीय तह तीन वर्षमा छौं । प्रदेश र संघ तेस्रो वर्षमा प्रवेश गरेका छौं । २०८४ सालमा पुग्दा १० वर्ष पूरा हुन्छ । समग्रमा संविधान रिभ्यु गर्ने बेला भयो । तर, मेरै पार्टीका नेताहरूले कुरा उठाउँदा भन्ने गरेको छु- संविधान संशोधन केमा गर्नुहुन्छ ? अनुसूचीमा गर्नुहुन्छ कि, न्याय पालिकाको अधिकार क्षेत्रमा गर्नुहुन्छ ? अपर हाउसमा गर्नुहुन्छ कि ! कहाँ गर्नुहुन्छ ? संविधान संशोधनको कुरा गरिरहँदा संविधान कसरी ल्याइयो सोच्न आवश्यक छ । दुई वर्षमा ल्याउने भनेको संविधान चार वर्षमा पनि आएन पहिलो संविधानसभाबाट । दोस्रो संविधान सभाको चुनाव गर्नुपऱ्यो । दोस्रो संविधान सभाबाट संविधान ल्याउने बेलामा मै विधेयक प्रस्तुतकर्ता थिएँ, चर्केर बोल्नुपऱ्यो म जस्तोले । म जस्तो मान्छेले संसद्मा पड्केर बोल्नुपर्ने परिस्थिति आयो र संविधान पास गर्ने उद्देश्यका साथ बोलें ।

दोस्रो संविधान सभाले संविधान नबनाएको भए देशमा के हुन्थ्यो ? फेलर स्टेटमा जाँदैनथ्यो ? हाम्रो मूल कानुन कसले बनाइदिने ? निर्वाचित संस्थाले बनाउन सक्दैन भने कसले बनाइदिने ? कसले दिएको घोषणा गर्ने ? यी प्रश्न त्यसबेला लागिराख्थ्यो । जसरी हुन्छ प्रजातन्त्रमा फन्डामेन्टल विषयलाई आधार मानेर अन्य संरचनात्मक कुरामा कम्प्रमाइज गरेर जानुपर्छ भनेर संविधान बनाएका हौं । यसलै प्रतिनिधि सभा मिश्रित भएर आएको हो । राष्ट्रिय सभाको स्वरुप पनि अहिलेको प्रकृतिमा आएको हो ।

*(साभार: अनलाइनखबर)*

# पार्टीभित्र प्रश्न उठाउनेलाई सीके राउत चलाउँछन् कारबाहीको डण्डा



काठमाडौं/प्रश्नबाटै उदाएका नेता हुन् डा. सीके राउत, तर अचेल उनी आफ्नै पार्टीभित्र प्रश्नहरुको तेजोबध गर्न अग्रसर देखिन्छन् । जनमत पार्टीका अध्यक्ष डा. राउतले पार्टीमा उनको आलोचना गर्नेलाई कारबाहीको डण्डा निरन्तर चलाउँदै आएका छन् । असन्तुष्टहरुलाई एक पछि अर्को गरी पार्टीबाट हटाउने र स्पष्टीकरण सोध्ने कार्य गरेका छन् ।

आइतबार र सोमबार महोत्तरीको बर्दिवासमा केन्द्रीय समितिको बैठक बस्नु अघि राउतले उपाध्यक्ष एवं अनुशासन समितिको संयोजक दीपक साह र कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई स्पष्टीकरण माग गर्दै निलम्बन समेत गरे । उपाध्यक्ष साहलाई एक साता अघि स्पष्टीकरण सोधिएको छ भने गत शनिबार कोषाध्यक्ष यादवलाई निलम्बन सहितको पत्र पठाइएको छ । निलम्बित उपाध्यक्ष साहले मंगलबार स्पष्टीकरणको जवाफ पठाउने जानकारी गराए ।

जनमतका नेताहरु पार्टीभित्र राउतलाई खुसी बनाउन नसक्ने नेताहरु पार्टीमा टिक्न सक्ने अवस्था नरहेको बताउँछन् । पार्टीबाट हटाउने देखि स्पष्टीकरण सोध्नेको सूची लामो रहेको जनमतका नेताहरुको दाबी छ । कैलाश महतो, डा.रवीन्द्र यादव, जासर यादव लगायतका नेताहरु निष्कासनमा परेका छन् । केन्द्रीय तहका नेताहरुमा दर्जन बढीलाई स्पष्टीकरण सोधिएको छ । उपाध्यक्ष अब्दुल खानलाई समेत स्पष्टीकरण सोधिएको तर त्यसलाई सार्वजनिक भने नगरिएको जनमतका एक नेताले जानकारी गराए ।

ती नेताले भने,'जनमत पार्टी फुटाउन लागेको शंकाले अब्दुललाई स्पष्टीकरण सोधिएको थियो । यो कुरा अब्दुल मन्त्री भएर निस्केपछिको कुरा हो ।' अध्यक्ष राउतको अति शंका गर्ने बानीले पार्टीमा समस्या आएको उनले सुनाए । स्पष्टीकरण सोधिएका थप केन्द्रीय नेताहरुमा सचिव बीपी साह, अनिता साह, भुपेन्द्र यादव हुन् । बीपी साहको निलम्बन फुकुवा गरिएको छ । केन्द्रीय सदस्य शम्भु साहलाई पनि स्पष्टीकरण सोधिएको छ ।

पछिल्लो समय कारबाहीमा परेका उपाध्यक्ष साहलाई गम्भीर आरोपहरु लगाउँदै स्पष्टीकरण माग सहित निलम्बन गरिएको छ । उपाध्यक्ष साह आइतबार देखि सुरु भएको केन्द्रीय समितिको बैठकमा सहभागी हुन पाएनन् । पार्टीभित्र देखिएका विसंगतिका बारेमा कुरा उठ्ने देखेर नै आफूलाई पार्टीबाट हटाइएको उपाध्यक्ष साहले संचारकर्मीसँग भने ।

पार्टी प्रवक्ता डा.शरदसिंह यादव विधिसंगत नेताहरु चल्न नसकेकै कारणले स्पष्टीकरण सोध्नु परेको बताउँछन् । स्पष्टीकरण सोध्ने पार्टीको विधि भएको उल्लेख गर्दै प्रवक्ता यादव भन्छन्, 'विधि र विधानले चल्ने पार्टीमा स्पष्टीकरण पनि सोध्न पाउनु पर्‍यो नि । जवाफ दिने कि मिडियावाजी गर्ने हो ?' स्पष्टीकरण मधेसका मुख्यमन्त्रीलाई समेत सोधिएको र जवाफ पार्टी सन्तुष्ट रहेपछि निरन्तर पदमा रहेको यादवले जानकारी गराए ।

उपाध्यक्ष साहलाई सोधिएको स्पष्टीकरणमा उपल्लो पदमा रहेर पार्टीलाई समय नदिएको एवं महत्वपूर्ण बैठकमा सहभागी नभएको उल्लेख छ । पार्टी स्थापनाको घोषणा हुने बेलामा समेत उपस्थित नभई पहाडमा जागिर खाएर बसेको आरोप साहलाई लगाइएको छ ।

गत निर्वाचनमा जनमतलाई आफ्नो एक भोट नदिएको र पार्टीको उम्मेदवार हराउन भूमिका खेलेको गम्भीर आरोप उनी माथि पार्टीले लगाएको छ । साथै, उपाध्यक्ष साहले अध्यक्ष राउत विरुद्ध समाचार लेख्न लगाएको, जसपाका नेताहरुसँग मिलेको लगायतका विषयमा स्पष्टीकरण सोधिएको छ । अध्यक्षको विरुद्धमा कुरा लगाएको भड्काएको र जिल्ला-जिल्लामा तथा देशविदेशमा कार्यकर्ताहरुलाई फोन गरी पार्टी विभाजन गर्न गुट बनाएको साह माथि आरोप छ ।

साहले तथ्यहीन आरोप सहित स्पष्टीकरण सोधिएको बताए । 'म त उहाँहरुसँग मलाई लगाइएको आरोपको तथ्य माग्दैछु,' साहले संचारकर्मीसँग भने । साह पेशाले इन्जिनियर हुन् । जनमतको स्थापनाकालीन समयमा कार्यालय भक्तपुरको सूर्यविनायकमा साहको घरमा थियो । जिविकोपार्जनका लागि नेताको पेशा हुनुपर्ने र राजनीतिलाई सेवाभाव बनाउनु पर्ने मान्यता आफ्नो रहेको सुनाउँदै साहले भने,'राजनीतिलाई सेवाको भावनाले गर्‍यो भने मात्रै दिगो राजनीति हुन्छ । पेशा र व्यवसाय राजनीति गर्ने व्यक्तिको हुनुपर्दछ ।'

साह स्थापनाकालीन समयमा राउतका 'सर्वाधिक' विश्वासिलो पात्र थिए । एक समय पार्टी बैठकको निर्णयको माइन्युटमा पर्दा पछाडि बसेर काम गर्ने व्यक्तिका रुपमा चित्रण गरिएको थियो। साहको दाबी अनुसार राउतलाई इन्जिनियर पढाउन हौसला दिने उनै थिए । इन्जिनियर पढ्नुमा दीपक साह (हाल निलम्बित) को देन रहेको पुस्तकमा समेत राउतले लेखेका छन् । साहले भने, 'अहिले मै माथि भयंकर षडयन्त्र भएको छ ।'

गत शनिवार केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई सात दिनको स्पष्टीकरण सोधेर निलम्बन गरिएको छ । उनलाई स्पष्टीकरण सोधिएको दोस्रोपटक हो । यादवले अध्यक्ष राउतसँग आर्थिक हरहिसाबको कुरा उठाएपछि कारबाहीमा परेको बताए । 'देउवा र ओली उनीहरुको पार्टीमा हाबी भएजस्तै सीके जनमतमा हाबी छन् । सीको विरुद्धमा भित्रभित्रै बोल्नेहरु छन्,' निलम्बित कोषाध्यक्ष यादव भन्छन्, 'साइड साइडमा कानेखुसी गर्छन् । तर खुला बोल्ने वातावरण छैन ।'

कोषाध्यक्ष पदमा हुँदा यादवले विदेशमा बस्नेहरुसँग पैसा उठाएर आर्थिक अनियमितता गरेको आरोप सहित स्पष्टीकरण सोधिएको छ । गत निर्वाचनमा पार्टी अध्यक्ष र उनका दाजुलाई पराजित गर्ने उद्धेश्यले यादवले भूमिका खेलेको स्पष्टीकरण सोधिएको पत्रमा उल्लेख छ । पार्टीलाई आर्थिक सहयोग गर्ने हैसियत आफ्नो भएकाले कोही व्यक्तिसँग रकम माग्नुपर्ने अवस्थामा नरहेको यादव दाबी गर्छन् । २०७९ सालको निर्वाचनमा सप्तरी-१ मा जयकान्त राउत र २ मा अध्यक्ष राउतले प्रतिस्पर्धा गरेका थिए । जयकान्त राउतका सहोदर दाइ हुन् । सप्तरी-बाट अध्यक्ष राउत निर्वाचित भएका थिए । जयकान्त भने क्षेत्र नम्बर १ बाट पराजित भए ।

जनमतका नेताहरुका अनुसार अध्यक्ष राउतले आफ्नो दाजु जयकान्तलाई अघि बढाउन संस्थापक नेताहरुलाई किनाराकृत गर्दै आएका छन् । जयकान्त राष्ट्रिय योजना आयोगको सदस्य समेत बनेका थिए । अध्यक्ष राउतले पार्टीमा एकमत नहुँदा नहुँदै समानुपातिक सांसद गोमालाभ सापकोटालाई हटाउने प्रयत्न गरेका थिए । सभामुख देवराज घिमिरेले जनमत चारपटक पत्र लेखेर सांसद सापकोटा हटाउन माग गरेको थियो ।

सभामुख घिमिरेले भने पदमुक्त गर्न आधार नभएको जनाउँदै जनमतको मागलाई इन्कार गरेका थिए । सांसद सापकोटालाई हटाउन हुँदैन भनेर पार्टीमा आवाज उठाएपनि सुनुवाई नभएको निलम्बित उपाध्यक्ष साहले बताए । 'नियम पुग्दैन । हटाउन माग नगरौं भनेर अध्यक्षको विरुद्धमा म थिएँ,' साहले भने।

*(स्रोत: अनलाइनखबर)*

# महोत्सवमा सीमित पलको क्रेज



काठमाडौं/प्राय: नेपाली कलाकारको क्रेज हलमा भन्दा महोत्सवमा बढी देखिन्छ । त्यसमा अभिनेता पल शाह पनि पर्छन् । एक वर्ष लामो जेल जीवनपछि महोत्सवमा बाक्लै उपस्थिति जनाइरहेका उनलाई हेर्न दर्शकहरुको भीड थामिनसक्नु हुने गरेको छ । घाटा बेहोरिरहेका महोत्सवले समेत उनका कारण मुनाफा कमाउँछन् । तर, उनलाई लिएर फिल्म बनाएका निर्माता भने करोडौं डुबेर तनावमा छन् ।

जेल जीवनपछि उनले काम गरेका तीनवटा फिल्म 'मायावी', 'पूजार सार्की' र 'रावायण' यस वर्ष प्रदर्शन भइसकेका छन् । त्यसमध्ये 'पूजार सार्की' मात्र व्यावसायिक रुपमा सफल भयो । तर, यसको श्रेय उनले पाएनन् । फिल्ममा अभिनेता प्रदीप खड्का हाबी हुँदा सफलताको 'जस' पनि उनकै पोल्टामा एक्लौटी पर्‍यो । यद्यपि, यो फिल्मको सफलताले पललाई केही हदसम्म राहत दिएको छ ।

उनले 'रावायण'बाट भने ठूलो आशा गरेका थिए । तर, प्रदर्शन अगावैदेखि उनको गेटअपका कारण भएको आलोचनाले फिल्मलाई नै डुबाइदियो । यसपछि शिवरात्रिमा उनको 'मायावी' रिलिज भयो । उनले महोत्सवमा समेत यो फिल्मको प्रचार गरेका थिए । तर, उनलाई हेर्न महोत्सवमा उर्लिएको भीड हलमा देखिएन । अन्तत: 'मायावी' फ्लप भएको छ । फिल्मको कमाइ ७० लाख पनि छैन ।

'रावायण' र 'मायावी'को डुबानपछि पलको क्रेज महोत्सवमा मात्र सीमित रहेको टिप्पणी भइरहेको छ । यो उनी स्वयंका लागि पनि सोचनीय विषय हो । महोत्सवमा उर्लिने भीड हलमा सामान्य पनि नआउनुले उनी कहीं न कहीं चुकिरहेको प्रष्ट छ । कतै महोत्सव र म्यूजिक भिडियोमा धेरै देखिँदा उनका फिल्म हेर्न दर्शकले रुचि नदेखाएका त होइनन् ? पलले यसको जवाफ खोज्नुपर्ने देखिन्छ ।

# माइकलको 'राम नाम सत्य' गर्दै विराज भट्ट



काठमाडौं/अभिनेता विराज भट्टले 'जय परशुराम' प्रदर्शनको ८ वर्षपछि घरबाहिरको फिल्ममा काम गर्ने भएका छन् । उनले नयाँ फिल्म 'राम नाम सत्य'मा काम गर्ने पक्का भएको हो । उनी स्वयंले सोमबार फेसबुकमार्फत आफूले फिल्म सम्झौता गरेको जानकारी गराएका हुन् । यो फिल्मको निर्देशन माइकल चन्दले गर्नेछन् । उनी म्यूजिक भिडियो निर्देशक तथा कोरियोग्राफरको रुपमा परिचित छन् ।

'राम नाम सत्य'को घोषणा अघिल्लो वर्ष (२०८०)को माघमा भएको थियो । खासमा निर्देशक चन्दले फिल्ममा विराजका छोरा समीर भट्टलाई लिन चाहेका थिए । त्यसका लागि केही पटक उनको विराजसँग कुराकानी पनि भएको थियो । तर, 'बलिदान' रिलिजअघि समीरले अरु फिल्म नगर्ने भएपछि माइकलले विराजलाई नै मुख्य भूमिकामा लिएका हुन् । फिल्म एक्सनप्रधान हुने जनाइएको छ ।

विराज पछिल्लो पटक गत असोजमा रिलिज भएको आफू निर्देशित फिल्म '१२ गाउँ'मा देखिएका थिए । यो फिल्म सफल भएपछि उनी यसको सिक्वेल निर्माणको तयारीमा छन् । त्यसका लागि उनले निर्माण इजाजत समेत लिइसकेका छन् । आगामी बैशाखपछि छायांकन गर्ने उनको तयारी थियो । तर, अब उनी 'राम नाम सत्य'मा अनुबन्ध भएकाले '१२ गाउँ २'को निर्माण धकेलिने देखिन्छ ।

'राम नाम सत्य'बाट फिल्म निर्देशनमा डेब्यु गर्न लागेका माइकलले यसअघि थुप्रै म्यूजिक भिडियो निर्देशन गरिसकेका छन् । त्यही अनुभवलाई उनले फिल्म निर्देशनमा प्रयोग गर्न लागेका हुन् । फिल्ममा विराज अनुबन्ध भएपछि उनले फेसबुकमा एक पोस्ट गर्दै लेखेका छन्, 'यसपटक दर्शकले एउटा भिन्न स्वादको फिल्म हेर्न पाउनुहुनेछ । 'राम नाम सत्य' नाम जस्तै फरक र विशेष बन्नेछ ।'

# शिक्षा विधेयकमा सरकार भर्सेस शिक्षक

काठमाडौं/विद्यालय शिक्षा विधेयकबारे प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले गत पुसमा प्रदेश-प्रदेश पुगेर छलफल गर्‍यो । समितिले विज्ञहरूसँग पनि राय सुझाव लिइसक्यो । तर दफावार छलफल अझै अगाडि बढेको छैन । शिक्षकहरूले छिटो विधेयक पास गर्न दबाब दिइरहेका छन् । शिक्षा ऐन जारी गर्न माग गर्दै नेपाल शिक्षक महासंघले पहिलो चरणको आन्दोलन सकेर दोस्रो चरणको आन्दोलन गर्ने निर्णय गरेको छ ।

'शिक्षा विधेयक पास नभएसम्म आन्दोलन जारी रहन्छ । आन्दोलनका कार्यक्रम सोमबार सार्वजनिक गर्छौं,' महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने । २०८० मा सरकारसँग भएको सहमतिअनुसार ऐन जारी गर्नुपर्ने र निवृत्तिभरण अध्यादेश खारेजीको माग महासंघको छ ।

निवृत्तिभरण कोष ऐन २०७५ को दफा ९ मा 'शिक्षक सेवा' थप गर्ने अध्यादेशमा भनिएको छ । यो प्रावधानले २०७५ देखि नै शिक्षक योगदानमा आधारित पेन्सनमा सहभागी हुन बाध्य हुने शिक्षकहरूको भनाइ छ । यसलाई अध्यादेशबाट नभई ऐनमै समावेश गर्नुपर्ने माग शिक्षकहरूको छ । सरकारले अध्यादेश आएकै मितिबाट लागू हुने बताए पनि शिक्षकहरूले मानेका छैनन् । सरकारको वचनमा विश्वास नगर्ने अडान महासंघको छ । 'प्रधानमन्त्रीकै वचनमा पनि विश्वास गर्दैनौं । एक्सनमा मात्र विश्वास गर्छौं । वचनमा विश्वास गर्न छोडिसक्यौं,' अध्यक्ष सुवेदीले भने ।

गत २९ पुसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको सुशासन, प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा निवृत्तिभरण कोष ऐन २०७५ को दफा ९ मा 'शिक्षक सेवा' थप गरिएको छ । विद्यालय शिक्षा विधेयकमा सरकार भर्सेस शिक्षक देखिएको छ । दुई तिहाइको सरकार हुँदा पनि विधेयक पास गर्न सरकारले आनाकानी गरेको निष्कर्ष महासंघको छ । प्रदेशमा छलफल सकिएको लामो समय भए पनि प्रक्रिया दफावार छलफल अगाडि नबढेकोमा शिक्षकहरू संसय व्यक्त गर्छन् । 'प्रदेशमा छलफल उहिले सकिएको हो । ऐन आउन त आउँछ तर कहिले आउँछ ?,' महासंघका अध्यक्ष सुवेदीले प्रश्न गरे ।

पहिलो चरणको आन्दोलनको अन्तिम दिन शनिबार देशभरबाट शिक्षक काठमाडौं आएका थिए । दोस्रो चरणको आन्दोलन काठमडौं केन्द्रित गर्ने योजना शिक्षकहरूको छ ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापा चरणबद्ध आन्दोलन गरिरहेका शिक्षकलाई आन्दोलन नगरी घर फर्किन सुझाउँछन् । 'आन्दोलन नगरी खुरुक्क घर गए हुन्छ । शिक्षकले उठाएको र सम्झौता गरेकोभन्दा बढी माग पूरा हुन्छ । बरु आन्दोदन गरे गडबड हुन्छ,' सभापति थापाले भने ।

७ वटा प्रदेशबाट आएको प्रतिवेदन र विधेयकमा परेको संशोधनलाई एकीकृत गरेर विधेयक पास गरिने दाबी गर्दै सभापति थापाले शिक्षकका माग पूरा गर्ने प्रतिबद्धता जनाए । शिक्षकहरूलाई आफ्नो सेवा-सुविधाको मात्र विषय उठाएकोमा सभापति थापाले असन्तुष्टि जनाए । 'सेवा-सुविधाको लागि मात्र कुरा गरेर हुँदैन । शिक्षकलाई जागिर खुवाएको विद्यार्थी सुधार गर्न हो नि । शिक्षकको पनि विद्यार्थीको पनि भविष्य बनाउने गरी ऐन बनाउने हो,' सभापति थापाले भने ।

विधेयक पास हुने क्रममा माग सम्बोधन नभए शिक्षकले दबाब दिनसक्ने तर अहिले नै आन्दोलनको औचित्य नरहेको सभापति थापाको जिकिर छ । 'आन्दोलन मात्र गरेर हुन्छ ? पास हुने अवस्थामा शिक्षकले उठाएको माग समावेश भएन भने दबाब दिने हो,' सभापति थापाले भने, 'अहिले शिक्षकको आन्दोलन मैले नै गरिरहेको छु । उहाँहरूले गर्नुपर्ने स्थिति छैन ।'

शिक्षा समितिले विद्यालय शिक्षा विधेयकमा अर्को सातादेखि दफावार छलफल गर्ने तयारी गरेको छ । 'एक हप्तापछि छलफल सुरु हुन्छ । १७ सय ५८ वटा संशोधन छ । ७ वटा प्रदेशको प्रतिवेदन छ । संशोधन र प्रतिवेदनलाई एकीकृत गरेर छलफल हुन्छ,' सभापति थापाले भने, 'आन्तरिक काममा व्यवस्त छौं । भएन भएन भनेर मात्र हुन्छ ?'

सबै प्रक्रिया र विवादित विषयमा सहमति गरेर अन्तिममा ८/१० वटा बैठक बसेर विधेयक पास गर्ने योजना रहेको सभापति थापाले बताए । शिक्षा मन्त्री अस्वस्थ भएका कारण पनि अहिले बैठक बस्न नसकेको तर्क सभापति थापाको छ । शिक्षामन्त्री विद्या भट्टराई बिरामी भएर उपचाररत छिन् । 'मन्त्री बिरामी भएर बैठक बसेको छैन । उहाँ निको भएर आएपछि समितिले आफ्नो काम अगाडि बढाउँछ,' सभापति थापाले भने ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको हालसम्मको बैठकमा एक तिहाइ समय त शिक्षा विधेयकमाथि छलफल भएको छ । अहिलेसम्मकै धेरै संशोधन शिक्षा विधेयकमा परेको छ । विधेयकमा १६३ दफा छ । जसमा १५२ समूहले संशोधन हालेका छन् भने १ हजार ७५८ बुँदा संशोधन परेको छ । विधेयकमा विद्यार्थी, अभिभावक, विद्यालय सञ्चालक, गाउँपालिका, नगरपालिकाका प्रतिनिधिसँग समितिले गरेको छ ।

मुख्यत: निजी विद्यालयको व्यवस्थापन तथा नि:शुल्क शिक्षा नीतिको कार्यान्वयनमा विवाद छ । विधेयकमा अब खुल्ने विद्यालय गुठी अन्तर्गत सञ्चालन हुने भनिएको छ । र, हाल सञ्चालनमा रहेका निजी विद्यालय गुठीमा आउन चाहेमा पाउने नचाहेमा कम्पनीमै रहन पाउने सुविधा छ । तर, संविधानले नि:शुल्क र अनिवार्य शिक्षा भनेकाले निजी रहन नहुने बहस पनि चलिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# वुमन्स डे कपमा नेपाल हङकङसँग २ रनले पराजित



काठमाडौं/युगाण्डामा जारी वुमन्स डे कप टी-२०आई प्रतियोगिताको आफ्नो तेस्रो खेलमा नेपालले हङकङसँग हार व्यहोरेको छ । नेपाल हङकङसँग २ रनले पराजित भएको हो । हङकङले दिएको १०१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ७ विकेट गुमाएर ९८ रन मात्र बनाउन सक्यो ।

कप्तान इन्दु बर्माले सर्वाधिक ३२ रन बनाउँदै १९औं ओभरको अन्तिम बलमा आउट भएकी थिइन् । अन्तिम ओभरमा जितका लागि १० रन आवश्यक रहँदा नेपालले ७ रन मात्र जोड्न सक्यो । पुजा महतोले १९ तथा बिन्दु रावलले १४ रन बनाइन् । हङकङका लागि मारिको हिलले २ तथा सिउ मे वाइ र चान या किनले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको हङकङले नेपालसामू १०१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । हङकङले २० ओभरमा ७ विकेट गुमाएर १०० रन बनाएको हो । हङकङका लागि कप्तान नताशा माइल्सले सर्वाधिक ३५ रन बनाइन् । मारिको हिलले २१ रन बनाइन् ।

नेपालका लागि ईश्वरी विष्ट र कप्तान इन्दु बर्माले २-२ विकेट लिँदा रचना चौधरी र पुजा महतोले १-१ विकेट लिए । यसअघि शनिबार भएको पहिलो खेलमा नामिबियासँग पराजित भएको नेपालले आइतबार युगाण्डालाई हराएको थियो । हङकङले भने सुरुवाती खेलमा युगाण्डासँग पराजित भएपनि नामिबियालाई दोस्रो खेलमा हराएको थियो ।

# विदेश भ्रमण र शिक्षामा बाहिरियो १ खर्ब १२ अर्ब

काठमाडौं/साउनदेखि माघ मसान्तसम्मको ७ महिना अवधिमा विदेश भ्रमण तथा शिक्षाका लागि नेपालबाट १ खर्ब १२ अर्ब ९२ करोड रुपैयाँ रकम बाहिरिएको छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार यो अवधिमा भ्रमणका लागि ४८ अर्ब ७७ करोड रुपैयाँ बराबर रकम बाहिरिएको छ । त्यस्तै अध्ययन तथा शिक्षाका लागि ६४ अर्ब १५ करोड रुपैयाँ बराबर रकम बाहिरिएको छ । त्यस्तै स्वास्थ्य सेवाका लागि ३६ करोड ४४ लाख रुपैयाँ बाहिरिएको छ ।

यद्यपि उच्च रेमिट्यान्सका कारण नेपालको भुक्तानी अवस्था बचतमै छ । सात महिनामा मुलुकको शोधनान्तर स्थिति (भुक्तानी स्थिति) २ खर्ब ८४ अर्ब रुपैयाँ बचतमा छ । यसको अर्थ मुलुकबाट बाहिरिनेभन्दा मुलुकमा भित्रिने रकम २ खर्ब ८४ अर्ब रुपैयाँ बढी छ ।

# 'आउट ल'को कथा गुण्डा नाइकेबाट प्रभावित हो ?



काठमाडौं/यही फागुन २९ गतेदेखि प्रदर्शनको तयारीमा रहेको एक्सनप्रधान फिल्म 'आउट ल : दफा २१९' दुई साताअघि सार्वजनिक ट्रेलरका कारण चर्चामा छ । एक्सन र मेकिङमा अब्बल देखिएको ट्रेलरले फिल्मप्रति दर्शकमा उत्साह र अपेक्षा बढाएको छ, जुन निर्माण टिमका लागि ठूलो चुनौती हो । ट्रेलरलाई युट्युबमा मिलेको प्रतिक्रिया हेर्ने हो भने धेरैले हलिउड र साउथ फिल्मसँग दाँजेका छन् ।

ट्रेलर हेर्दा फिल्ममा एक्सनलाई ज्यादा जोड दिइएको देखिन्छ । तर, निर्देशक विक्की महर्जनले फिल्ममा एक्सन मात्र नरहेको स्पष्ट पारेका छन् । उनी भन्छन्, 'यसमा एक्सन मात्र छैन । एक्सनसँगै देशको महत्वपूर्ण विषयलाई उठान गरेका छौं । फिल्ममा एक्सन, ड्रामा, कमेडी, थ्रीलर सबै छ । यसमा हेर्नका लागि धेरै कुरा छन् । 'सर प्राइज' पक्ष पनि धेरै छ । ट्रेलरमा सबै कुरा खोलेका छैनौं ।'

निर्देशक महर्जनले फिल्मको कथा कसैसँग नमिल्ने पनि दाबी गरेका छन् । एकजना गुण्डा नाइकेबाट प्रभावित भएर फिल्म बनेको चर्चाबारे उनले भने, 'यो काल्पनिक कथा हो । कोही पनि व्यक्तिसँग मिल्दैन । क्यारेक्टर ग्याङस्टार भए पनि यो बदला र न्यायको कथा हो । यसको कथावस्तु गह्रुंगो छ ।' उनले नेपालमा भइरहेको चित्त नबुझेका कुरालाई फिल्ममार्फत देखाउन खोजेको बताए ।

त्यस्तै, फिल्मका निर्माता अमित अग्रहरि 'आउट ल'ले एक्सनमा नयाँ 'बेन्चमार्क' सेट गर्ने बताउँछन् । उनी भन्छन्, 'हामीले फिल्ममा यस्तो एउटा विषय ल्याएका छौं, जुन भन्न आवश्यक थियो । मलाई एक्सनमा यो फिल्मले नयाँ 'बेन्चमार्क' नै खडा गर्छ जस्तो लाग्छ । मैले कमाउने सोच राखेर फिल्म निर्माण गरेको होइन । नयाँ सोच र नयाँ विषयवस्तु भएका कारणले फिल्ममा लगानी गरेको हुँ ।'

नेपालमा बनिरहेका फिल्मभन्दा 'आउट ल' एकदमै अलग रहेको उनको दाबी छ । 'हामीले क्यौं एक्सनप्रधान फिल्म हेरेका छौं तर त्यसमा फिल आउन सकेको छैन । 'आउट ल'ले त्यो महसुस गराउँछ,' उनले अगाडि भने, 'टिजर र ट्रेलरलाई दर्शकहरुले एकदमै राम्रो प्रतिक्रिया पनि दिनुभएको छ । यो हाम्रो ठूलो सफलता हो । यसले अर्को फिल्म बनाउन पैसा उठाइदियो भने म खुसी हुन्छु ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सडकमा सेडव्याक कायम नगरी घर, टहरा नबनाउन कैलाशको आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ कैलाश गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र रहेका सडक सञ्जाल अन्तरगत सडक क्षेत्राधिकारभित्र सेडव्याक कायम नगरी कुनै पनि घर, टहरा नबाउन आग्रह गरेको छ ।

घर टहराजस्ता संरचना निर्माण भएको देखिन आएकाले गाउँपालिकाले सूचना जारी गर्दै सडक क्षेत्रमा घरटहरा निर्माण कार्य रोक्न आग्रह गरेको हो । गाउँपालिकाको स्वीकृत सडक यातायात गुरुयोजना (एमटिएमपी) तथा वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०८० बमोजिम निर्माणकार्य रोक्न लगाइएको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । मापदण्डमा सडक क्षेत्रबाट दायाँबायाँ ३/३ मिटरको सेडव्याक कायम रहेकोले सोही अनुरुप क्षेत्र छुट्याएर निर्माणकार्य गर्नुपर्ने अध्यक्ष मुक्तानले बताए ।

कैलाशको चुनियाँ-नामटार-कालिकाटार सडकअन्तरगत भाल्टार, कुमलटार, क्रिश्चियन चोक, बेतेघारी, घुमाउने, टकुवा, च्याँखेटार, कालिकाटार हुँदै फास्टार, सुकुभञ्ज्याङ तथा भार्तालगायत गाउँपालिकाको मुख्य सडकक्षेत्रमा मापदण्ड लागु हुने प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठले बताए । गाउँपालिकाले जुन मापदण्ड तय गरेको छ सोही अनुरुप नागरिकले मापदण्ड पालना गर्नुपर्नेछ, उनले भने ।

# 'ओली सरकारको नालायकीपनले अराजकतालाई मलजल गर्यो'

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला ईन्चार्ज विजय गौतमले वर्तमान सरकारको नालायकीपनले गर्दा अराजकताले मलजल पाएको बताएका छन् ।

कुलमान घिसिंगजस्ता राष्ट्रसेवकको मानमर्दन गर्ने, आफ्नालाई बिभिन्न मुद्दाबाट उन्मुक्ति दिने जस्ता कामतर्फ इंगित गर्दै नेता गौतमले सरकारले जनताप्रति जवाफदेही भएर काम गर्न नसक्दा यस्तो देखिएको आरोप लगाए । बकैया-७, भिरकोटमा आयोजित नेकपा (माओवादी केन्द्र) बकैया-७ को तेश्रो सम्मेलनलाई सम्बोधन गर्दै राजावादीको पछिल्लो गतिविधिलाई बिशेषत: काग्रेस एमालेको गतिबिधिले सहयोग गरेको बताए ।

सरकारले राम्रो नराम्रो हेरेर भन्दा पनि आफूले जे गरेपनि हुन्छ भन्ने गलत भावनाले काम गर्दा जनतामा वितृष्णा बढेको र यसको फाइदा राजावादीले लिन खोजे पनि यो उनीहरुको दिवास्वप्नमा सीमित हुने बताए । दलहरुले यस प्रकारको घटना, प्रवृत्तिलाई नजर अन्दाज नगरी सच्चिएर अगाडि बढ्ने अवसरको रुपमा ग्रहण गर्नुपर्ने उनको भनाइ थियो ।

सम्मेलनमा नेकपा ( माओवादी केन्द्र) बागमति प्रदेशका उपाध्यक्ष एवम् बागमति प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले २४० वर्ष शासन चलाउँदा नबनाएको देश फेरि 'आऊ र बचाऊ' भन्नु केवल हास्यास्सपद केटाकेटी कुरा भएको जिकिर गरे । नेता पुलामीले लोकतन्त्रले नै यो देश बच्ने र बन्ने ठोकुवा गरे । सम्मेलनमा नेकपा (एमाले) गाउकमिटी सदस्य किशोर थापा सहित रत्नबहादुर स्याङतान, प्रेमबहादुर मुक्तान, ईन्दिरा बिक, सुनिता बिकलगायत एकदर्जन कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।

एमाले परित्याग गर्दै स्थानीय नेता थापाले माओवादी केन्द्र सुशासनको पार्टीको रुपमा अगाडि बढेकोले आफूहरु आकर्षित भएको बताए । सम्मेलनले मानबहादुर सिङतानको अध्यक्षतामा १९ सदस्यीय वडाकमिटी निर्वाचित गरेको छ । सम्मेलनलाई नेकपा (माओवादी केन्द्र) का प्रदेश समिति सदस्य जीवन गोले, जिल्ला सदस्य लोकनाथ गौतम, नवराज चौलागाई, भक्तबहादुर खत्री, गाउँ पार्टीका अध्यक्ष बिमल नेपाल, सदस्यहरु मदन लामा, राजेन्द्र घिमिरे, भोजराज लामिछाने लगायतले सम्बोधन गरेका थिए ।

# दशौं हेटौंडा भेट्रान्स कपको उपाधि किङकम भेट्रान्सलाई



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ दशौं संस्करणको राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट ए साइड रनिङशिल्ड फुटबल प्रतियोगिताको उपाधि किङकम भेट्रान्स काठमाडौंले जितेको छ ।

सोमबार हेटौंडामा सम्पन्न फाइनल खेलमा फ्रिडम फाइटर भेट्रान्स काठमाडौंलाई ट्राइब्रेकरमा पराजित गर्दै किङकम भेट्रान्सले उपाधि जितेको हो । खेलको १४ औं मिनेटमा फ्रिडम फाईटर भेट्रान्सको तर्फबाट कृष्ण मालाकारले एक गोल गर्दै समूहलाई अग्रता दिलाए पनि खेलको २७ औं मिनेटमा किङकम भेट्रान्सका खेलाडी जगतमान लामाले गोल गर्दै बराबरीमा बनाएका थिए । निर्धारित समयमा दुवै समूहबाट बराबरी गोल भएपछि खेल ट्राइब्रेकरमा पुगेको थियो । ट्राइब्रेकरमा ३-२ गोलअन्तरमा किङकम भेट्रान्स विजयी भएको हो ।

किङकम भेट्रान्सले उपाधिसँगै नगद एक लाख ५० हजार पाँचसय पचपन्न रुपैयाँको राशि हात पार्न सफल भएको छ । त्यसैगरी उपबिजेता हुन सफल फ्रिडम फाईटर भेट्रान्सले नगद ७५ हजार ५ सय ५५ रुपैयाँ र शिल्ड प्राप्त गरेको छ । प्रतियोगिता अन्तर्गत किङकम भेट्रान्सका तर्फबाट सर्वश्रेष्ठ कोच राजकुमार पन्त, उत्कृष्ट फरवाड सरोज थापा, उत्कृष्ट गोलकिपर अमित प्रधान, उत्कृष्ट डिफेन्स सञ्जय रानामगर घोषित भएका थिए ।

फ्रिडम फाईटरको तर्फबाट उत्कृष्ट मिडफिल्डर उदयबहादुर गुरुङ घोषित भई जनही पाँच हजार नगद र ट्रफी प्राप्त गर्न सफल भएका थिए । प्रतियोगिताको सर्वोत्कृष्ठ खेलाडी फ्रिडम फाईटरको तर्फबाट तेन्जिङ लामा घोषित भई नगद १० हजार रुपैयाँसँगै ट्रफी प्राप्त गर्न सफल भए । बिजयी खेलाडीलाई हेटौडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले पुरस्कार प्रदान गरिन् ।

# पाँच वर्ष पुरानो '७० करोड काण्ड' को अनुसन्धान जहाँको त्यही

काठमाडौं, २६ फागुन/ घुस मोलमोलाइ गरेको अडियो टेप सार्वजनिक भएपछि तत्कालीन सूचना तथा सञ्चारमन्त्री गोकुल बास्कोटाले राजीनामा दिएको ५ वर्ष बितेको छ ।

आफ्नै आयुक्त राजनारायण पाठकविरुद्ध डेढ महिनामा मुद्दा दायर गरेको अख्तियारले बास्कोटाको फाइलमा ५ वर्षसम्म पनि अनुसन्धान टुंग्याउन सकेको छैन । बरु यो अवधिमा अख्तियारका पदाधिकारीहरुले बास्कोटा विरुद्धको उजुरी तामेलीमा राख्न भने पटकपटक प्रयास गरे ।

'एकाध महिनामै अनुसन्धान टुंग्याउनुपर्नेमा यति लामो समयसम्म अनुसन्धान नटुंग्याउनु र फाइल निर्णयविहीन अवस्थामा राख्नु आश्चर्य हो,' अख्तियारबाट हालै सरुवा भएका एक सहसचिवले भने, 'राजनीतिक पात्र जोडिएका घटनामा आयोगले निर्णय गर्न सक्दैन भन्ने कैयौं उदाहरणमध्ये बास्कोटाको केस पनि एक हो ।'

बनेपास्थित आईटी पार्कमा स्थापना हुने सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद गरेमा प्राप्त हुने कमिसनबारे कुराकानी गर्दाको अडियो रेकर्ड ८ फागुन, २०७६ मा सार्वजनिक भएपछि प्रधानमन्त्री केपी ओलीको अघिल्लो कार्यकालका प्रभावशाली मन्त्री बास्कोटाले राजीनामा दिएका थिए ।

उक्त अडियो रेकर्डमा मन्त्री बास्कोटाले कमिसन बापत ५४/५५ करोड मात्रै प्राप्त हुने भएपछि लागत बजेट बढाएर एक अर्ब बनाउन आग्रह गरेको संवाद सार्वजनिक भएको थियो । मन्त्री बास्कोटाले कुराकानीमा भनेका थिए, 'त्यो कर्मचारी (अश्लील शब्द बोल्दै)ले बनाएको त ३५ अर्बको छ । अब यता २७ अर्ब निस्कयो भने २८ अर्बको बनाउनुस् ।'

सञ्चार मन्त्रालय अन्तर्गतको सुरक्षण मुद्रण केन्द्रले बढाएको खरिद प्रक्रिया विवादित बनेका बेला अडियो रेकर्ड सार्वजनिक भएको थियो । यो ५ वर्षको अवधिमा सुरक्षण मुद्रण केन्द्रसँग सम्बन्धित भ्रष्टाचारका मुद्दाहरु विशेष अदालतमा विचाराधीन छन् भने केही सर्वोच्च अदालत पुगेका छन् । तर आपूर्तिअघि नै प्रिन्टिङ प्रेस कम्पनीका एजेन्टसँग कमिसनको मोलमोलाइ गर्ने बास्कोटामाथिको छानबिन अलपत्र परेको हो ।

अडियो रेकर्ड सार्वजनिक हुनासाथ अख्तियारले 'घटनाबारे आयोग सञ्चार माध्यमबाट सूचित भएको' भनी प्रतिक्रिया दिएको थियो । अनुसन्धान अघि बढेयता अख्तियारमा नवीनकुमार घिमिरे, कार्यबाहक प्रमुख डा. गणेशराज जोशी र प्रेमकुमार राईले नेतृत्व गरेका छन् । अनुसन्धान अघि बढाउन चासो नदिएका तीनैजनाले आफ्नो कार्यकालमा अनुसन्धानको फाइल सदाका लागि टुंग्याउने प्रयास गरेका थिए । घुस प्रकरण सार्वजनिक हुनुअघि नै मन्त्री बास्कोटाको युरोप भ्रमण, सेक्युरिटी प्रिन्टिङ अनि स्याटेलाइट खरिद योजनाबारे अख्तियारमा विभिन्न उजुरी परेका थिए । तर ५० करोडबाट सुरु भएर मोलमोलाइ एक अर्ब लागत बढाउने जस्तो संवेदनशील विषयमा भने अख्तियारले अनुसन्धान अघि बढाउन सकेको छैन ।



बनेपास्थित आईटी पार्कमा स्थापना हुने सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद गरेमा प्राप्त हुने कमिसनबारे कुराकानी गर्दाको अडियो रेकर्ड ८ फागुन, २०७६ मा सार्वजनिक भएपछि प्रधानमन्त्री केपी ओलीको अघिल्लो कार्यकालका प्रभावशाली मन्त्री बास्कोटाले राजीनामा दिएका थिए ।

**उस्तै मुद्दा सर्वोच्चमा**

बास्कोटाको अडियो सार्वजनिक हुनुभन्दा एक वर्षअघि अख्तियारका बहालवाला आयुक्त राजनारायण पाठकले ७८ लाख रुपैयाँ घुस लिएको भिडियो सार्वजनिक भएको थियो । १ फागुन, २०७५ मा घटना सार्वजनिक हुनासाथ पाठकले राष्ट्रपति कार्यालयमा गएर राजीनामा बुझाए ।

भिडियो प्रकरणलाई अख्तियारले यति महत्वका साथ लियो कि डेढ महिनाभित्र उनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । पाठक विरुद्धको उजुरी डेढ महिनामा टुंग्याएको अख्तियारले उस्तै प्रकृतिको फाइल ५ वर्षदेखि अलपत्र पारेको छ । विशेष अदालतबाट दोषी ठहर भइसकेका पाठक फैसलाविरुद्ध सर्वोच्च अदालत पुगेका छन् ।

अख्तियारका पूर्वआयुक्त पाठक र पूर्वमन्त्री बास्कोटाको अडियो फाइल प्रकरण कानुनी रुपमा समान प्रकृतिको थियो । पूर्वआयुक्त पाठक पनि घुससहित पक्राउ परेका थिएनन्, ७८ लाख रुपैयाँ घुस लिएको स्वीकारेको भिडियो मात्र सार्वजनिक भएको थियो । पूर्वमन्त्री बास्कोटा पनि रंगेहात पक्राउ परेका होइनन्, एजेन्टसँग कमिसनको मोलमोलाइ गरेको अडियो सार्वजनिक भएको हो ।

पाठकको भिडियो रेकर्ड गर्ने व्यक्तिले अख्तियार र पछि अदालतमा समेत आफैंले भिडियो खिचेको, पाठकलाई आफूले घुस बुझाएको भनी स्वीकारेका थिए । विजय मिश्रले आफूसँगको कुराकानीमा बास्कोटाले कमिसन मोलमोलाइ गरेको र त्यो कुरा आफ्नो मोबाइलमा रेकर्ड भएको बताएका थिए । विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की नियुक्त गर्ने पदाधिकारीहरुले अख्तियार जस्ता निकायलाई आफू अनुकूल चलाउन खोज्ने र त्यसले अनुसन्धान नै प्रभावित हुने गरेको बताउँछन् । उनी उस्तै प्रकृतिको एउटा उजुरी मुद्दाको रुपमा दर्ता हुँदा अर्कोमाथि अनुसन्धान नै नहुनुलाई संस्था माथिको विश्वसनीयतामा ह्रास भनी टिप्पणी गर्छन् ।

'गैरकानुनी रुपमा लेनदेनको प्रयास भएको छ भने भ्रष्टाचारको अनुसन्धान आकर्षित हुन्छ । पूर्वमन्त्री जस्तो व्यक्ति जोडिएकाले त्यस्तो घटना त छिटो अनुसन्धान गरेर टुंग्याउनुपर्ने हो,' उनी भन्छन्, 'सबैभन्दा ठूलो शक्ति लागेकाले नै अनुसन्धान सुस्त भएको होला । भागबण्डाबाट नियुक्ति गर्दा यस्तै नतिजा देखिएको हो ।'

अख्तियारमा दायर भएकोमध्ये एक, 'सी- ०२६९८७ नम्बरको उजुरीमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्री बास्कोटा, तत्कालीन सञ्चारसचिव महेन्द्र गुरुङ, सेक्युरिटी प्रेस केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलविरुद्ध उजुरी परेको हो । उजुरीमा मन्त्री बास्कोटाले करिब तीन अर्बको चलखेल गरेको, त्यो विषय प्रधानमन्त्रीलाई थाहा भए पनि कुनै अग्रसरता नलिएको भन्दै छानबिनको माग गरिएको थियो ।

भदौ, २०७७ मा अख्तियारका तत्कालीन प्रमुख आयुक्त नवीनकुमार घिमिरे उमेर हदका कारण अवकाश हुँदै थिए । कोरोना संक्रमणका कारण देशव्यापी लकडाउनका बेलामा उनले बास्कोटामाथिको अनुसन्धान नै टुंग्याएर फाइल तामेलीमा राख्ने प्रयास गरेका थिए । त्यसैको प्रयासमा अख्तियारले १७ भदौ, २०७७ मा एक सूचना निकालेको थियो ।

अडियो रेकर्ड गर्ने विजयप्रकाश मिश्र जापानमा थिए । कोभिड १९ का बेला लकडाउनका कारण उनी तत्काल नेपाल आउन सम्भव थिएन । त्यही बेला अख्तियारले उनलाई एक साताभित्र सम्पर्कमा आउनु भनी सार्वजनिक सूचना निकालेको थियो । अख्तियारको सूचना आउनुभन्दा एक दिनअघि मात्रै मिश्रले विज्ञप्ति जारी गरेर आफूले अख्तियारलाई अनुसन्धानमा सहयोग गर्ने अभिव्यक्ति दिएका थिए ।

चौतर्फी विरोधपछि अख्तियारले बास्कोटामाथिको फाइल तामेलीमा राख्न सकेन । अहिलेसम्म पनि बास्कोटाको घुस अडियो फाइल अनुसन्धानकै क्रममा छ । त्यतिबेला ओलीका अत्यन्त नजिक मानिने निवर्तमान मन्त्री बास्कोटा बालकोटस्थित उनैको घरमा बस्दै आएका थिए ।

पछिल्लो दुई वर्षमा सुरक्षण मुद्रण केन्द्र जोडिएका एकपछि अर्को भ्रष्टाचार घटना सार्वजनिक हुँदै आएका छन् । विशेष अदालतले दुवै मुद्दामा कतिपय आरोपितहरुलाई दोषी ठहर गरेको छ । वैशाख, २०८० मा सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भयो ।

विशेष अदालतले मिलेमतो गरेर ठेक्कापट्टाको काम भएको, गुणस्तरहीन सामान खरिद गरेको र कमिसन लिएको आरोप पुष्टि गर्दै पौडेललाई दोषी ठहर गरेको छ । ७० करोडको बहुचर्चित अडियो सार्वजनिक भएपछि विकल पौडेल पनि चर्चामा आएका थिए ।

वैशाख, २०८१ मा अर्को भ्रष्टाचार मुद्दा दायर भयो । पूर्वमुख्यसचिव बैकुण्ठ अर्यालसमेत मुछिएको उक्त भ्रष्टाचार काण्ड भने गोकुल बास्कोटाले राजीनामा दिएपछिको हो । अर्याललाई सफाइ दिएको विशेष अदालतले विकललाई भने दोषी ठहर गरेको छ ।

सोमबार मात्रै जिम्मेवारी सम्हालेका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले आफूलाई त्यसबारेमा थाहा नभएको प्रतिक्रिया दिए । उनले भने, 'मैले आजमात्रै जिम्मेवारी सम्हालेको हुँ । के रहेछ, बुझेर मात्रै थप बताउन सकिन्छ ।' विशेष अदालतका पूर्वअध्यक्ष कार्की बास्कोटाको फाइलमाथि अनुसन्धानमा यति लामो समय लाग्नुपर्ने कुनै कारण देख्दैनन् । बरु भागबण्डाको नियुक्तिपछि पदाधिकारीहरुले खेप्नुपर्ने दबाबले अनुसन्धान प्रभावित भएको हुनसक्ने उनी बताउँछन् । 'यस्तै गतिविधिले अख्तियार जस्ता संस्थाको विश्वसनीयता घटेको हो । उसले स्वतन्त्र रुपमा काम गरिरहेको छ भनेर जनतालाई पटक्कै विश्वास छैन,' उनी भन्छन्, 'भिडियो सार्वजनिक भएको भरमा राजनारायण पाठकमाथि अनुसन्धान भएर मुद्दा चल्छ भने त्यस्तै अर्को घटनामा अनुसन्धान हुन नसक्ने कुनै कारण छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# सुध्रियो तथ्यांक, सुध्रिएन बजार

काठमाडौं, २६ फागुन/ नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालू आर्थिक वर्षको सात महिनाको तथ्यांकले मुलुकको बहद् अर्थशास्त्रीय तथ्यांकहरू निकै बलिया देखिए पनि बजारमा मागको अवस्थामा भने मन्दी नै देखिएको छ । मूल्यवृद्धि, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, भुक्तानी सन्तुलन लगायत तथ्यांकहरू झनै सुदृढ भएका छन् भने खासगरी बजारमा मागको अवस्था देखाउने आयात, कर्जाको विस्तारलगायत तथ्यांक भने कमजोर नै देखिन्छन् ।



चालू आर्थिक वर्षको सात महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१६ प्रतिशत रहेको छ, अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.०१ प्रतिशत रहेको थियो । यस अवधिमा खाद्य तथा पेय पदार्थ समूह तथा गैर-खाद्य तथा सेवा समूह दुवैको मुद्रास्फीति नियन्त्रणमा देखिन्छ । तर, घ्यू तथा तेल उप-समूहको मूल्यवृद्धि औसतभन्दा निकै बढी १२.८० प्रतिशत भएको छ भने दाल तथा गेडागुडीको ९.०६ प्रतिशत पुगेको छ ।

यस अवधिमा विप्रेषण आप्रवाह ७.३ प्रतिशतले वृद्धि भई ९ खर्ब पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ५.३ प्रतिशतले वृद्धि भई ६ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६.४ प्रतिशतले बढेको थियो । २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब रहेको कुल विदेशी विनिमय सञ्चिति १६.१ प्रतिशतले वृद्धि भई माघ मसान्तमा २३ खर्ब ६९ अर्ब पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति १५ अर्ब २७ करोडबाट ११.७ प्रतिशतले वृद्धि भई १७ अर्ब ५ करोड पुगेको छ ।

आर्थिक वर्ष २०८१/८२ को सात महिनाको आयातलाई आधार मान्दा यो सञ्चितिले १७.२ महिनाको वस्तु तथा १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्छ । तर, खासगरी बजारमा माग बढेको छ कि छैन भन्ने देखाउने तथ्यांक हेर्दा भने उत्साहित हुनुपर्ने अवस्था देखिन्न ।

आर्थिक वर्ष २०८१/८२ को सात महिनामा कुल वस्तु निर्यात ४६.५ प्रतिशतले वृद्धि भई १ खर्ब २७ अर्ब २० करोड पुगेको छ । तर, आयातको वृद्धिदर भने अझै पनि १० प्रतिशत मात्रै छ । यसले आन्तरिक माग अझै कमजोर रहेको देखिन्छ । खासगरी ठूलो मात्रामा निर्यात भइरहेको सोयाबिन तेलको कच्चा पदार्थ आयात बढ्दा समग्र आयातलाई भरथेग भएको छ ।

ब्याजदर घटे पनि यस अवधिमा कर्जाको विस्तार उत्साहप्रद हुन सकेको छैन । २०८१ माघमा वाणिज्य बैंकहरूको औसत आधार दर ६.४६ प्रतिशत, विकास बैंकहरूको ८.५२ प्रतिशत र वित्त कम्पनीहरूको ९.३९ प्रतिशत रहेको छ । २०८० माघमा वाणिज्य बैंकहरूको औसत आधार दर ९.०६ प्रतिशत, विकास बैंकहरूको ११.१३ प्रतिशत र वित्त कम्पनीहरूको १२.७० प्रतिशत रहेको थियो ।

तर, यो अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २ खर्ब ८३ अर्ब ४६ करोड अर्थात् ५.६ प्रतिशतले मात्रै बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु. १ खर्ब ९७ अर्ब २१ करोड अर्थात् ४.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले बढेको छ ।

यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप २ खर्ब ४५ अर्ब ३४ करोड (३.८ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३ खर्ब ९७ अर्ब २० करोड (७.० प्रतिशत) ले बढेको थियो । त्यस्तै, आर्थिक वर्ष २०८१/८२ को ७ महिनामा विस्तृत मुद्राप्रदाय पनि लक्ष्यको अत्यन्तै कम ४.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.० प्रतिशतले बढेको थियो ।

**सटर भाडामा**

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना